"जलस्रोत, पर्यटन र जडिबुटीले सम्मुनतविगु गाउँपालिका"
# विगु गाउँपालिका
# Bigu Rural Municipality
# गाउँकार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
लादुक, दोलखा
Laduk, Dolakha
बागमति प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७८/०७९
चलानी नं./Dispatch No:- १९८७

विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा जिल्ला बागमती प्रदेश, नेपाल २०७३

मिति/Date :२०७९/०२/१०

विषय : बजेट कार्यान्वयन तथा जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
विगु गाउँपालिका ।

प्रस्तुत विषयमा श्रम, रोजागार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) मार्फत आ.व. २०७८/०७९ मा यस गाउँपालिकाको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्यप्रगतिका आधारमा कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु संचालन गर्न दोस्रो चरणको शसर्त अनुदान रकम **रु.७७,४८,०००/- अक्षरेपी सत्तहत्तर लाख अठचालिस हजार** प्राप्त भएको र उक्त बजेट रकम बाँडफाँड गर्न यस विगु गाउँपालिकामा मिति २०७९/०२/१० गते बसेको निर्देशक समितिको बैठकको निर्णय बमोजिम तहाँ वडाबाट यस रोजगार सेवा केन्द्रमा पेश भएका तपसिल बमोजिमका **आयोजना बैंकमा** रहेको तेस्रो प्राथमिकताक्रममा रहेका योजनाहरुमा तपसिल बमोजिम वडाबाट प्राप्त बेरोजगारहरुको संख्याको आधारमा बजेट बाँडफाँड गरिएको जानकारीका लागि अनुरोध छ । साथै उक्त योजनाहरुको प्राविधिक सहायकबाट सर्भे गर्ने कार्यका लागि तहाँ वडाबाट आवश्यक सहजीकरण गरीदिन र इष्टिमेट तयार भैसकेपछि योजना सम्झौता गरी संचालन गर्ने र मिति २०७९/०३/२० गते भित्र आयोजना सम्पन्न गरी भुक्तानी लिइसक्नु पर्ने भएकोले सोही अनुसार गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ । साथै स्थानीय निर्देशक समितिबाट भएका निर्णयहरुको प्रतिलिपी यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिल
प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ

| क्र.स. | वडाबाट प्राप्त भएको आयोजना | बेरोजगार संख्या | वडा नं. | विनियोजन गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | भैसे सडक सोलिङ | १२२ | १ | ६४६४६४ | |
| २ | जगत देउलाङ ग्रामीण सडक सोलिङ | १३३ | २ | ७०३९७६ | |
| ३ | मगर गाउँ च्यानपारी बुलडाङ गोरेटो बाटो निर्माण तथा मर्मत | १६१ | ३ | ८५२४८८ | |
| ४ | चित्रे ग्याल्सुङ सडक सोलिङ | ३२५ | ४ | १७२०९९२ | |
| ५ | ढाक्रेबोटे फेल्दर सडक स्तरोन्नती योजना | १३९ | ५ | ७३६००८ | |
| ६ | कापापोले देखि वडा कार्यालयसम्म सडक सोलिङ | १६३ | ६ | ८६४७६० | |
| ७ | पेगुखोला मानेडाँडा देवीथान बसपार्क सडक सोलिङ तथा कुलो निर्माण योजना | २०३ | ७ | १०७४५२८ | |
| ८ | हिमालय मा.वि.-बाँस डाँडासम्म गोरेटो बाटो मर्मत तथा सुधार(स्तरोन्नती) | २१७ | ८ | ११४८७८४ | |
| | जम्मा | १४६३ | | ७७४८००० | |

..........................
शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०२/१० गतेका दिन स्थानिय निर्देशक समितिका अध्यक्ष श्री संजिव ओली ज्यूको अध्यक्षमा बैठक बसी देहायबमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहायबमोजिम निर्णयहरु पास गर्ने निर्णय गरियो ।

तपसिल

१. अध्यक्ष : श्री संजिव ओली

२. सदस्य : श्री देवीका थामी

३. सदस्य सचिव : श्री शैलेन्द्र भण्डारी

**आमन्त्रित**

४. प्रशासन तथा योजना शाखा प्रमुख : पुजन प्रसाद अधिकारी

५. सुचना तथा प्रविधि शाखा प्रमुख : भीम कुमार थामी

६. रोजगार सेवा केन्द्र प्रमुख : प्रकाश थामी

७. प्राविधिक शाखा (सव-इन्जिनियर) : ई.सरोज खड्का

८. लेखा शाखा प्रमुख : पुस्करदेव गिरी

९. प्राविधिक सहायक : ई.सुनिल यादव

१०. कार्यालय सहयोगी : टहल बहादुर सुवेदी

प्रस्ताव नं. १. बजेट बाँडफाँड गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२.स्थानीय ज्याला दर कायम गर्ने सम्बन्धमा ।

निर्णय नं.१.उपर व्यापक छलफल गर्दा यस विगु गाउँपालिकाको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत आ.ब. २०७८/०७९ मा संचालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत कार्य प्रगतिका आधारमा प्राप्त भएको कामका लागि पारिश्रमिकमा आधारित अनुदान रकम रु.७७४८०००/- अक्षरेपी सत्तहत्तर लाख अठचालीस हजार (विपन्न श्रमिकको दैनिक ज्याला) यस गा.पा.को तपसिल बमोजिमका वडामा तपसिल बमोजिम वडागत आयोजना बैंकको तेस्रो प्राथमिकताक्रममा रहेको तपशिलका आयोजना अनुसार वडागत बेरोजगार संख्याको आधारमा बजेट बाडाफाँड गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | वडाबाट प्राप्त भएको आयोजना | बेरोजगार संख्या | वडा नं. | विनियोजन गरिएको बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | भैसे सडक सोलिङ | १२२ | १ | ६४६४६४ | |
| २ | जगत देउलाङ ग्रामीण सडक सोलिङ | १३३ | २ | ७०३९७६ | |
| ३ | मगर गाउँ च्यानपारी बुलडाङ गोरेटो बाटो निर्माण तथा मर्मत | १६१ | ३ | ८५२४८८ | |
| ४ | चित्रे ग्याल्सुङ सडक सोलिङ | ३२५ | ४ | १७२०९९२ | |
| ५ | ढाक्रेबोट फेल्दर सडक स्तरोन्नती योजना | १३९ | ५ | ७३६००८ | |
| ६ | कापापोले देखि वडा कार्यालयसम्म सडक सोलिङ | १६३ | ६ | ८६४७६० | |
| ७ | पेगुखोला मानेडाँडा देवीथान बसपार्क सडक सोलिङ तथा कुलो निर्माण योजना | २०३ | ७ | १०७४५२८ | |
| ८ | हिमालय मा.वि.-बाँस डाँडासम्म गोरेटो बाटो मर्मत तथा सुधार(स्तरोन्नती) | २१७ | ८ | ११४८७८४ | |
| | जम्मा | १४६३ | | ७७४८००० | |

निर्णय नं.२.उपर व्यापक रुपमा छलफल गर्दा यस विगु गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्नको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं.२११ मिति २०७८/१०/०५ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७८/०९/३० को निर्णयानुसार नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दरको असी प्रतिशतले हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दररेट कायम गरी ज्यालादर भूक्तानी गर्नु गराउनु भनी मन्त्रालयको पत्राचार भइ आएकोले सोही अनुसार यस गा.पा.को अदक्ष कामदारको ज्याला दर आजको मितिबाट लागु हुने गरी रु.९१०/- को ८०% ले हुन आउने रकम प्र.म.रो.का. को स्थानीय ज्याला दर रु.७२८/- कायम गर्ने निर्णय गरियो ।